नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग

# ई.पि.एस. (EPS) कोरिया शाखा, स्वार्को, ललितपुरको

# सन् २०२५ को प्रथम चरणको कोरियन भाषा परीक्षा (EPS-TOPIK, 2025) को लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

प्रकाशित मिति:- २०८२।०४।१९

**(कोरियन भाषा परीक्षा उत्तिर्ण गर्नु कोरियामा रोजगारीको सुनिश्चितता होईन ।)**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गणतन्त्र कोरिया, रोजगार तथा श्रम मन्त्रालय बीच सम्पन्न समझदारी पत्र (MoU) अनुरुप रोजगार अनुमती प्रणाली (EPS) अन्तर्गत गणतन्त्र कोरियामा नेपाली नागरिकलाई श्रमिकका रुपमा पठाउने प्रयोजनको लागि योग्य उम्मेदवारको छनौट गर्ने प्रथम चरणको कोरियन भाषा परीक्षा सञ्चालन गर्ने सम्बन्धमा HRD Service of Korea बाट तपसिल बमोजिमको परीक्षा कार्यक्रमको तालिका प्राप्त भै आएको हुँदा ईच्छुक योग्य नेपाली नागरिकहरुबाट देहाय बमोजिमका आधारमा आवेदन फाराम दर्ता गर्नु हुन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२।०४।१६ को निर्णय अनुसार यो सूचना सार्वजनिक गरिएको छ ।

**१. परीक्षाको मिति:-**

क) अर्को सूचनामा पछि प्रकाशित गरिने छ ।

ख) एक दिनमा बढिमा ५ सिफ्ट गरी परीक्षा संचालन हुने साथै आवेदक संख्याका आधारमा वा अन्य विविध कारण आईपरेमा परीक्षा तालिका फेरबदल हुन सक्नेछ ।

**२. आवेदनको क्षेत्र :–उत्पादनमुलक क्षेत्र / कृषि तथा पशुपालन क्षेत्र ।**

**भाषा परीक्षामा अनुमानित उत्तीर्ण सङ्ख्या ५३०० (उत्पादनमुलक क्षेत्रतर्फ ३५०० तथा कृषि तथा पशुपालन क्षेत्रतर्फ १८००) ।**

**कोरियामा कामदारको माग अनुसार उत्तीर्ण सङ्ख्या थपघट हुन सक्नेछ ।**

क) एक व्यक्तिले एक वटा क्षेत्रमा मात्र दरखास्त फाराम भर्न पाउने छ ।

ख) उत्पादनमुलक क्षेत्र तर्फ परीक्षाको आवेदन फाराम भर्दा ①Assemble ②Measures र ③Join मध्ये कुनै एक उपक्षेत्र छनौट गर्नु पर्नेछ भने कृषि तथा पशुपालन क्षेत्र तर्फ फाराम भर्नेले ①Agriculture र ②Livestock मध्ये एक उपक्षेत्र छनौट गर्नु पर्नेछ ।

ग) भाषा परीक्षामा उत्तिर्ण परीक्षार्थीहरुले दोश्रो चरणको Skill Test and Competency Test मा समेत सहभागी भै उत्तिर्ण भए पछि मात्र रोजगार आवेदन फाराम (Job Application Form) भर्न सक्ने छन् । दोश्रो चरणको Test को बिस्तृत विवरण प्रथम चरणको परीक्षाको नतिजा प्रकाशन पश्चात प्रकाशित गरिनेछ ।

Computer Engineer

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ईपीएस शाखा कार्यालय
ग्वार्को, ललितपुर

**३. आवेदकको योग्यता :-**

क) नेपाली नागरिक ।

ख) उमेर १८ वर्ष पुरा भई ३९ वर्ष ननाघेको, अर्थात सम्बन्धित उम्मेदवार सन् १९८५ August १२ देखि सन् २००७ August ११ (**तदनुसार वि.सं.२०४२ श्रावण २८ देखि २०६४ श्रावण २६**) बीच जन्मिएको हुनु पर्नेछ ।

ग) फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको ।

घ) गणतन्त्र कोरियामा गई गैह्र कानूनी रुपमा बसोबास गरी कोरियाबाट फिर्ता नपठाइएको ।

ङ) नेपाल सरकारले अन्य मुलुकमा जान रोक नलगाएको ।

च) कोरियामा **E-9** र **E-10** भिषामा दुई कार्यकाल वा पाँच बर्ष भन्दा बढी नबसेको ।

छ) Color Blindness र Color weakness नभएको ।

**४. आवेदन दर्ता प्रकृया:-**

**क) आवेदन दर्ता मितिः–** २०८२ श्रावण २६ देखि ३१ गते (तदनुसार August 11 – August 16,2025) सम्म

**ख)** आवेदकहरुको परिक्षा काठमाण्डौं केन्द्रबाट सञ्चालन हुनेछ ।

ग) **आवेदन दर्ता प्रकृया:–** परीक्षा आवेदन फाराम **https://eoers.epsnepal.gov.np** मा गई अनलाईन भर्नु पर्नेछ ।

घ) **आवेदन दर्ता तरिका:–** आवेदन दर्ता गर्ने तरिका https://eoers.epsnepal.gov.np को पहिलो पेजमा नै Demo हेर्न सकिने छ ।

**ङ) आवेदन दर्ताका लागि आवश्यक कागजातहरू :**

- आवेदकले आवेदन फाराम भर्दा **राहदानीको** फोटो भएको पेज (बायो पेज) को रंगिन (Colour) स्क्यान गरेको JPG Image file (Width 600 pixels, Less than 90KB) अपलोड गर्नु पर्नेछ ।
- आवेदकले आवेदन फाराम भर्दा अनिवार्य रुपमा आफ्नो ईमेल ठेगाना र मोबाईल नम्बर उल्लेख गर्नु पर्ने छ ।
- आवेदन फाराममा ३ महिना यता खिचेको दुवै कान देखिने एम. आर. पी. साईजको सेतो पृष्ठभुमी भएको, upper chest देखिने, सेतो कपडा नलगाएको रङ्गीन फोटो (Photo Width 100 ~ 300 pixels, File Type: Only JPG Less than 14KB size) को फोटो स्क्यान गरी अपलोड गर्नु पर्नेछ ।

<u>पुनश्च:-</u> आवेदन फाराममा उल्लेखित आवेदकको व्यक्तिगत विवरण (जस्तै नाम, थर, जन्म मिति र फोटो) निजको राहदानीको भन्दा फरक परेमा परीक्षामा सामेल नगराईने र कोरिया प्रवेशमा रोक लगाइनेछ । साथै आवेदन फाराम दर्ता पश्चात यस्ता विवरण सच्याउन नपाईने भएकोले फाराम दर्ता पुर्व नै आफ्नो विवरणहरु ठीक दुरुष्त भए/नभएको यकिन गरि दर्ता गर्नुहुन अनुरोध छ ।

Computer Engineer

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ईपिएस शाखा कार्यालय
ग्वार्को, ललितपुर

च) परीक्षा शुल्क :

परीक्षा शुल्क अमेरिकी डलर अठाईस (US$ 28) लाग्नेछ । आवेदकले जुन दिनमा फाराम दर्ता गराउने हो सो दिनको अघिल्लो दिनका लागि केन्द्रिय बैंक (नेपाल राष्ट्र बैंक) ले तोकेको विनिमय दरका हिसाबबाट हुन आउने नेपाली रुपैयाँ आवेदन फारम भर्दा सोही पोर्टलबाट अनलाइन मार्फत बुझाउनु पर्नेछ ।

**५) परीक्षास्थल तथा परीक्षा समय :**

परीक्षार्थीहरुको परीक्षास्थल तथा परीक्षा समय सम्बन्धी विस्तृत विवरण HRD Service of Korea बाट आर्को सूचना प्राप्त भएपछी प्रकाशित गरिनेछ । परीक्षार्थीहरुको परीक्षा UBT (Ubiquitous Based Test, Tablet) मार्फत अनलाइन सञ्चालन हुनेछ ।

**६) नतिजा प्रकाशन :**

क) भाषा परीक्षाको नतिजा HRD Service of Korea बाट आर्को सूचना प्राप्त भएपछी प्रकाशित गरिनेछ ।

ख) परीक्षार्थीहरुले परीक्षामा आफूले प्राप्त गरेको प्राप्तङ्कको जानकारी www.eps.go.kr बाट प्राप्त गर्न सक्नेछन् ।

ग) भाषा परीक्षाको वैद्यता सम्बन्धित उम्मेदवारको नतिजा प्रकाशन भएको मितिले २(दुई) बर्ष सम्म मात्र हुनेछ ।

**७) परीक्षा प्रणाली र अङ्क भार :**

| प्रश्न संरचना | प्रश्न सङ्ख्या | उत्पादनमुलक कूल पूर्णाङ्क | कृषि तथा पशुपालन कूल पूर्णाङ्क | समय अबधि |
|---|---|---|---|---|
| Reading (पढाइ) | 20 | 100 | 100 | 25 minutes |
| Listening (सुनाई) | 20 | | | 25 minutes |
| **Total (जम्मा)** | **40** | **100** | **100** | **50 minutes** |

- EPS-TOPIK वस्तुगत बहुउत्तर (Multiple choices) को मूल्याङकनमा आधारित हुनेछ र परीक्षाको बीचमा मध्यान्तर हुने छैन, लगातार सुचारु हुनेछ ।

**८) परीक्षाको दिनको पूर्व तयारी :**

क) प्रत्येक आवेदकले आफ्नो प्रवेश पत्रको रङ्गीन प्रति र सक्कल राहदानी लिइ आउनुपर्नेछ । अन्यथा परीक्षामा सामेल गराईने छैन ।

Computer Engineer

ख) परीक्षा भवन तथा कोठा भित्र मोवाइल फोन, क्यासेट प्लेयर, PDA, MP3, Smart Watch जस्ता विद्युतीय उपकरणहरु लैजान पूर्ण रुपमा निषेध गरिएको छ । यस्ता सामग्री फेला परेमा सम्बन्धित परीक्षार्थीको परीक्षा अवैध ठहरिनेछ ।

ग) अन्य व्यक्तिको नाममा अनाधिकृत व्यक्तिले परीक्षा केन्द्र प्रबेश गरी अर्काको परीक्षा दिन प्रयास गरे गराएमा निजले ल्याएको राहदानी लगायतका कागजात सहित तत्काल पक्राउ गरी कानुन बमोजिम कडा कारवही गर्ने व्यवस्था गरिएको छ । यसरी पकाउ परेका व्यक्तिहरुको विवरण आम सञ्चार माध्यमबाट समेत प्रसारण गर्न सकिनेछ र आगामी ४ बर्ष सम्म उक्त कार्यमा संलग्न सम्बन्धित व्यक्तिहरु भाषा परीक्षामा सहभागी हुन पाउने छैनन् ।

घ) भाषा परीक्षामा नक्कल गर्ने र नक्कल गराउने परीक्षार्थी ४ वर्षका लागि पुन: EPS-TOPIK परीक्षामा सामेल हुनसक्ने छैन ।

ङ) कोरियन भाषा परीक्षामा उत्तीर्ण भए तापनि स्वास्थ्य परीक्षणमा असफल हुने तथा प्रहरी रिपोर्ट प्रतिकूल हुने व्यक्तिले रोजगार आवेदन फाराम भर्न पाउने छैनन् ।

च) EPS अन्तर्गत रोजगार प्रकृयामा वैदेशिक रोजगार विभाग, ई.पी.एस.कोरिया शाखा कार्यालय बाहेक कुनै पनि निजी संघ/संस्था, शैक्षिक संस्था वा व्यक्तिहरुको संलग्नता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**Monitored by:** Ministry of Employment and Labor of the Republic of Korea (MOEL)
**Administered by:** Human Resources Development service of Korea (HRD Korea)
**Cooperated by:** Ministry of labor, Employment and Social Security of Nepal (MOLESS)
Department of Foreign Employment (DOFE)

Computer Engineer